## वन अधिकार समिति

- ग्राम सभाले आफ्नो पहिलो बैठकमा वन अधिकार समिति गठन गर्ने छ।
- समितिमा ग्रामसभाका कम्ती पनि 10 जना अनि अधिकतम 15 जना सदस्य रहने छन्।
- समितिमा एक-तिहाई सदस्य अनुसूचित जनजातिका रहने छन्।
- सदस्यहरुमा एक-तिहाइ सदस्य महिला रहने छन्।
- समितिको कुनै सदस्य पनि वन अधिकारको दावेदार हुन सक्छ। तथा यस विषयमा उस्ले समितिलाई सूचित गराउनु आवश्यक छ। साथै आफ्नो दाबी विचार नहुंजेलसम्म कार्यवाहीमा भाग लिन सक्ने छैन।

## वन अधिकार दावी गर्दा चाहिने प्रमाणहरु :

- सार्वजनिक रिकर्ड, सरकारी रिकार्ड जस्तै गजेटियर, जनगणना, बंदबस्तीको रिपोर्ट ईत्यादि।
- वन रिकर्ड, पट्टा, लीजको कागजात, सरकारी आदेश, संकल्प, अधिसूचना ईत्यादि।
- सरकारद्धारा दिइएका प्रमाणहरु, जस्तै-मतदाता पहिचान पत्र, राशन कार्ड, मकान-भूमि करको रसीद ईत्यादि।
- पहिलेको भूमि रिकर्ड एउटा ठूलो प्रमाण सिद्ध हुने छ, तर यस रिकर्डमा वंशावली देखाइएको हुनु अवश्यक छ।
- प्राचीनता सिद्ध गर्नसक्ने पारम्परिक कतिपय निर्माणहरु, जस्तै-इनार, कब्रिस्तान, धार्मिक स्थल ईत्यादि।
- सामुदायिक वन अधिकारको निम्ति पनि प्रमाणको आवश्यक छ। जस्तै-पारम्परिक गौचर, जंगली फल एवं अन्य वन उत्पादन संग्रह गरिने क्षेत्र, माछा समात्ने नदी, जलाशय ईत्यादि।

## प्रक्रिया

- आफ्ने दावी जमा गर्नभनि ग्राम सभाले तोकिदिएको तारिखदेखि 3 महिनाभित्र दाबी जमा गर्नु पर्छ।
- ग्रामसभाले दावेदार संकल्प पारित गरि अनुमण्डल समितिलाई पठाउने छ।
- अनुमण्डल समितिले पारित भएको संकल्पको जांच गर्ने छ। जांचपछि अन्तिम निर्णयका लागि जिल्ला समितिलाई पठाउने छ।
- जिला समितिले संकल्प (भूमि अधिकारको दावी) माथि विचार गर्ने छ। जरुरी भएमा आफ्नो निर्णय पनि सुनाउने छ। यसपछि वन अधिकार एवं टाइटल प्रकाश गर्ने छ।
- वन अधिकार सन्दर्भमा जिला समितिको निर्णय अन्तिम निर्णय हुने छ।
- समितिले अधिकारको रिकार्ड र निर्णय संबंधित सबै प्रमाणको प्रतिलिपि दावेदार लगायत ग्राम सभालाई पठाउने छ।

**आउनुहोस् आफ्नो अधिकार जानौं। वन धन हो, यो जानकारीलाई सबैतिर फैलाऔं।**

सत्यमेव जयते

**न्याय विभाग**

**विधि तथा न्याय मन्त्रालय, भारत सरकार**

साक्षर भारत

**राज्य स्रोत केन्द्र असम**

**राष्ट्रिय साक्षरता मिसन प्राधिकरण**

**मानव संसाधन विकास मन्त्रालय, भारत सरकार**

website :: www.srcguwahati.in

साक्षर भारत

**कानुनी साक्षरता शृंखला-10**

# अनुसूचित जनजाति एवं अन्य पारम्परिक वनवासी (वन अधिकारको मान्यता) अधिनियम, 2006



# अनुसूचित जनजाति एवं अन्य पारम्परिक वनवासी

## ( वन अधिकारको मान्यता ) अधिनियम, 2006

अनुसूचित जनजाति तता अन्य पारम्परिक वनवासीहरुलाई आफ्नो हक दिलाउनका लागि भारत सरकारले एउटा कानुन बनाएको छ। यस कानुनको नाम हो अनुसूचित जनजाति एवं अन्य पारम्परिक वनवासी (वन अधिकारको मान्यता) अधिनियम, 2006।

**वन अधिकार कानुनको उद्देश्य :**

यी कानुन अरु कानुनहरु भन्दा भिन्नै प्रकारको छ। यसका असल उद्देश्यहरु यस प्रकार छन् –

- वन–जंगल क्षेत्रमा वसोवास गर्ने पारम्परिक वनवासीहरुको अधिकारलाई कानुनी मान्यता दिनु।
- वन–जंगल संरक्षणको व्यवस्था दरबिलो पार्नु।
- वन–जंगल क्षेत्रमा वसोवास गर्नेहरुको आजीविका तथा खाद्य सुरक्षा सुनिश्चित गर्नु।
- ग्राम सभाहरुलाई सशक्त बनाउनु।

**वनवासीहरु कसलाई भनिन्छ ?**

नयाँ कानुन अनुसार तल उल्लेख गरिएका शर्तहरु पूरा गर्ने व्यक्तिहरुलाई वनवासी भनिने छ –

1. जो व्यक्ति पुर्खौंदेखि वन–जंगलमा बसोवास गरिआएको छ।
2. जो व्यक्तिको जीउने एकमात्र साधन वन वा वन भूमि रहेको छ।

   यसका साथै व्यक्तिले यो प्रमाण दिनु पर्छ कि –

- ऊ अनुसूचित जनजाति समुदायको सदस्य हो।
- ऊ अधिसूचित क्षेत्रमा बसोवास गर्ने व्यक्ति हो।
- ऊ अन्य पारम्परिक वन वा वनभूमिमा बसोवास गर्ने समुदाय बिचको व्यक्ति हो।
- ऊ विगत 75 वर्षदेखि वन–जंगलमा बसोवास गरिरहेको छ।

**वन अधिकार :**

यस कानुनद्वारा अनुसूचित जनजाति एवं पारम्परिक वनवासीहरुले तल उल्लेख गरिएका अधिकारहरु प्राप्त गर्ने छन्।

- जीविकाको निम्ति व्यक्तिगत वा सामुहिक रुपमा कृषि भूमिको मालिकाना हक।
- लघु वन–सम्पद संग्रहण एवं प्रयोगको अधिकार।
- जलस्रोत एवं त्यहाँ उत्पादन गरिने सम्पदको अधिकार।
- अनुसूचित जनजाति समूहहरुलाई सामुदायीक रुपमा बसोवासको अधिकार।
- सामुदायिक वन संसाधनको रक्षा एवं निरीक्षणको अधिकार।
- प्राकृतिक संतुलन बनाउनु तथा बौद्धिक संपत्ति एवं पारम्परिक औ सांस्कृतिक ज्ञानहरु पारम्परिक रुपमा सुरक्षित राख्ने अधिकार।

**यी जम्मै अधिकारहरु प्राप्त गर्नका लागि कतिपय शर्त पूरा हुनु आवश्यक छ।**

- भूमिको मान्यता प्राप्त गर्नका लागि दखलदारले 13 दिसंबर, 2005 सन भन्दा पहिलैदेखि त्यहाँ खेती गरिरहेको हुनु पर्छ।
- अनुसूचित जनजातिका व्यक्तिले भूमि अधिकार प्राप्त गर्नका लागि वन–जंगल क्षेत्रमा 75 वर्षदेखि बसोवास गरिआएको हुनु पर्छ।
- एकजाना व्यक्तिको चार हेक्टरभन्दा धैरै जमिन हुनु हुँदैन। अर्थात अधिकतम चार हेक्टरसम्म भूमिको मालिकाना हक एकजना व्यक्तिलाई प्रदान गरिने छ।
- आफ्नो दखलमा रहेको भूमि न त कसैलाई बेच्न सकिने छ, न त कसैको भूमि खरिद गर्न सकिने छ। अर्थात यो भूमि किन–बेच गर्न सकिने छैन।
- भूमिको हकदार पारम्परिक रुपले आफ्ना छोरा–छोरी हुने छन्।
- जंगलका मूल्यवान रुख–पातमा केवल सरकारको अधिकार रहने छ।
- चरनको निम्ति उपयोग गरि रहिएको चहुरमा चरनको सुविधा रहने छ।

**अधिकार कसरी प्राप्त गर्ने ?**

यो कानुन अनुसार अधिकार निर्धारण गर्ने अधिकार ग्राम सभाको रहन्छ। यसका निम्ति ग्राम सभाले तल उल्लेख गरिएका कार्यहरु गर्छ –

- ग्राम सभाले वन अधिकार संबंधित दावीहरु ग्रहण गर्नु लगायत त्यस विषयमा निर्णय सुनाउने छ।
- सभाले दावीदारहरुको एउटा सूचि बनाउने छ। सूचिमा दावी संबंधित सबै कुरा लेखिने छ।
- सभाले दावीसंग संबंधित एउटा संकल्प पारित गर्ने छ र यो संकल्प उच्च समितिलाई पठाउने छ।
- दावी क्षेत्रको नक्शा तयार पार्ने छ।
- ग्राम सभालाई उसको काममा वन अधिकार समितिले सघाउ पुर्‍याउने छ।